# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com

❐ वर्ष : २६ ❐ अंक : ३२ ❐ मंगलवार, १० कात्तिक, २०८३ ❐ Tuesday, 27 Oct 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०





# रानीघाटमा १४ वर्षदेखि बनेन पुल, रह्यो अवशेष मात्रै

❐ चाँदनी कठायत
सुर्खेत, ९ कात्तिक

सुर्खेतको रानीघाटस्थित भेरी नदीमाथि पक्की पुल निर्माण सुरु भएको १४ वर्ष बित्यो । तर, पुल निर्माणका लागि ठड्याइएका केही कंक्रिटका संरचनाबाहेक थप काम हुन सकेको छैन । निर्माणको जिम्मा लिएको कम्पनीसँग दश वर्षपछि ठेक्का सम्झौता तोडियो । पुल नबन्दा भेरीपारिका नागरिकले प्रदेश राजधानी वीरेन्द्रनगर आउजाउ गर्न वर्षौंदेखि सास्ती भोगिरहेका छन् । सुर्खेत-तेलपानी-भुरीगाउँ सडकखण्डअन्तर्गत पर्ने रानीघाटमा पुल निर्माण गर्न सरकारले २०६९ असार ६ गते पप्पु कन्स्ट्रक्सन-मल्ल जेभी दैलेखसँग सम्झौता गरेको थियो । १४ करोड २९ लाख ८९ हजार २ सय ६८ रुपैयाँ लागतमा सम्झौता भएको पुल २०७२ पुस २८ गतेभित्र निर्माण सम्पन्न गर्नुपर्ने थियो । निर्धारित समयमा काम पूरा नभएपछि पटक-पटक म्याद थप गरियो । तर, निर्माण कम्पनीले काम अघि बढाएन ।

रानीघाटमा अहिले पनि दशकअघि निर्माण गरिएका अधुरा संरचना मात्रै देखिन्छन् । भेरी नदीको एक किनारमा गोलाकार कंक्रिटको ठूलो संरचना छ । त्यसको बीच भाग खोक्रो छ भने वरिपरि ढलानबाट फलामका डन्डी बाहिर निस्किएका छन् । नदीको बीच भागमा अर्को कंक्रिटको संरचना पानीमाथि देखिन्छ । पारिपट्टिको किनारमा पनि कंक्रिटबाट निर्माण गरिएको पुलको आधारजस्तो संरचना छ । वर्षौंदेखि नदीको पानी र मौसमको प्रभावमा रहेका यी संरचनामाथि पुलको थप भाग निर्माण



भएको छैन । नदीका दुई किनार जोड्ने पुलको माथिल्लो संरचना नै बन्न सकेको छैन । दशकअघि निर्माण गरिएको यति संरचना अहिले पनि अधुरै अवस्थामा छ । पुल निर्माणमा ढिलाइ भएपछि सडक डिभिजन कार्यालय सुर्खेतले निर्माण कम्पनीलाई २०७७ पुस २८ गतेसम्म अन्तिमपटक म्याद थपेको थियो । तर, त्यस अवधिमा पनि काम नभएपछि सम्झौता भएको दश वर्ष दुई महिनापछि २०७९ सालमा ठेक्का तोडिएको थियो ।

कार्यालयले पप्पु-मल्ल जेभीलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिससमेत गरेको थियो । निर्माण कम्पनीले पुलका पिलर निर्माण गर्ने बाँकी पृष्ठ २

## पुरानो ठेक्का तोडिएको चार वर्षपछि नयाँ ठेक्काको तयारी

निर्माण कम्पनीसँगको सम्झौता अन्त्य भएको चार वर्षपछि सडक डिभिजन कार्यालय सुर्खेतले रानीघाट पुलको नयाँ ठेक्का प्रक्रिया अघि बढाउने तयारी गरेको छ । तर, यसअघि निर्माण भएका संरचना प्रयोग गर्न मिल्ने वा नमिल्ने भन्ने विषय अझै टुंगिएको छैन । सडक डिभिजन कार्यालय सुर्खेतका प्रमुख इन्जिनियर विवशबाबु सदादेवका अनुसार पुराना संरचनाको प्राविधिक परीक्षण गरेर मात्रै नयाँ निर्माण प्रक्रिया अघि बढाइने छ । यसअघि ठेक्का तोडिएपछि नयाँ ठेक्काका लागि स्रोत सहमति माग गरिए पनि स्वीकृति नपाएको उनले बताए ।

'२०७९ मा ठेक्का तोडियो, त्यसपछि नयाँ ठेक्का लगाउन सडक विभागमा स्रोत सहमतिका लागि पत्र पठाएका थियौं । तर, पत्र स्वीकृत भएन,' उनले भने, 'त्यसपछि अघिल्लो आर्थिक वर्षसम्म वार्षिक नीति तथा कार्यक्रममा पनि परेन । चालु आर्थिक वर्षमा कार्यक्रममा परेको छ । रानीघाटमा बनेका पुलका संरचनाको प्राविधिक नापजाँच गरेर त्यसमै बनाउन मिल्ने वा नमिल्ने निर्क्योल भएपछि नयाँ ठेक्काको प्रक्रिया सुरु गर्ने तयारीमा छौं ।' ठेक्का सम्झौता तोडिएपछि निर्माण कम्पनीले उच्च अदालत पाटनमा मुद्दा दायर गरेको छ । मुद्दा विचाराधीन बाँकी पृष्ठ २

## पुल नबन्दा नागरिकको समय र ढुवानी खर्च बढ्यो

रानीघाटमा पुल निर्माण नहुँदाको असर बराहताल गाउँपालिकाका नागरिकको दैनिक जीवनसँगै कृषि उत्पादनको बजारीकरण र यातायातमा परेको छ । भेरी नदीपारिका बस्तीबाट प्रदेश राजधानी वीरेन्द्रनगर पुग्न सहज सडक यातायातको सुविधा छैन । पुलसँग जोडिएको सडकसमेत अधुरो रहेकाले स्थानीयले लामो पैदल यात्रा गर्नुपर्ने बाध्यता छ ।

बराहताल गाउँपालिका-१ तेलपानीका स्थानीय डम्बरबहादुर बडुवालले पुल निर्माण नहुँदा विशेषगरी वर्षायाममा समस्या हुने गरेको बताए । 'उहिल्यै बनिसक्नुपर्ने पुल १४ वर्षसम्म पनि अधुरै छ,' उनले भने, 'रानीघाटमा पुल नहुँदा हामीलाई बर्खाको समयमा वीरेन्द्रनगर जानै सकस परिरहेको छ । पुलकै कारण सडक नबन्दा हामीलाई दिनभर पैदल हिँडेर वीरेन्द्रनगर जानुपर्ने बाध्यता छ ।'

उनका अनुसार हरेक निर्वाचनमा उम्मेदवारले पुल निर्माण गर्ने प्रतिबद्धता जनाउँदै आएका छन् । तर, निर्वाचन सकिएपछि निर्माणका लागि अपेक्षित पहल नहुँदा स्थानीयले वर्षौंदेखि उस्तै समस्या भोगिरहेका छन् । पुल निर्माणसँगै जोडिएको रानीघाट-तेलपानी सडकको काम पनि अधुरै छ । कर्णाली प्रदेश सरकारले बाँकी पृष्ठ ४

# सङ्घीय संसद्मा ३६ विधेयक विचाराधीन, थप ७ नयाँ विधेयक दर्ता

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ९ कात्तिक

सङ्घीय संसद्का दुवै सदनमा गरी ३६ वटा विधेयक विचाराधीन अवस्थामा रहेका छन् । तीमध्ये प्रतिनिधि सभाका विभिन्न विषयगत समितिमा २४ वटा विधेयक विचाराधीन रहेको सङ्घीय संसद् सचिवालयले जनाएको छ । संसद् सचिवालयका अनुसार प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा ५ वटा, अर्थ समितिमा ४ वटा, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति, महिला तथा सामाजिक मामिला समिति र कानुन, न्याय तथा मानव अधिकार समितिमा ३-३ वटा विधेयक विचाराधीन छन्। त्यसैगरी उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति र राज्य व्यवस्था तथा सुशासन समितिमा २-२ वटा र कृषि तथा प्राकृतिक स्रोत समितिमा एउटा विधेयक विचाराधीन रहेको छ ।

सङ्घीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार राष्ट्रिय सभाका समितिमा भने कुनै पनि विधेयक विचाराधीन छैनन् । प्रतिनिधि सभाबाट पारित भएर राष्ट्रिय सभामा प्रस्तुत हुन बाँकी रहेको एउटा विधेयक रहेको छ । राष्ट्रिय सेवा दल विधेयकको सन्देश राष्ट्रिय सभामा प्रस्तुत हुन बाँकी रहेको प्रवक्ता गिरीले बताए ।

प्रतिनिधि सभाका समितिमा विचाराधीन विधेयकहरूमा अर्थसम्बन्धी केही नेपाल ऐन संशोधन र खारेज गर्ने विधेयक, राहदानी (पहिलो संशोधन) विधेयक, भुक्तानी तथा फछ्र्योटसम्बन्धी विधेयक, फोहोरमैला व्यवस्थापनसम्बन्धी विधेयक, चलचित्र विधेयक, खानी तथा खनिज पदार्थसम्बन्धी विधेयक लगायत रहेका छन् ।

# 'नागरिकका हातहातमा मोबाइल हुनु परिवर्तनका महत्त्वपूर्ण उदाहरण हो'

❐ काँक्रेविहार संवाददाता
हुम्ला, ९ कात्तिक

कर्णाली प्रदेशका मुख्यमन्त्री मङ्गलबहादुर शाहीले सङ्घीय गणतन्त्रपछि कर्णालीका गाउँगाउँमा सडक, विद्युत् र सञ्चार सेवाको पहुँच विस्तार भएको बताएका छन् । अदानचुली गाउँपालिका-३ श्रीनगरस्थित आफूले २०४१ सालमा अध्ययन गरेको सूर्योदय माध्यमिक विद्यालयमा आयोजित कार्यक्रममा उनले विगतमा चामल र नुन ल्याउनसमेत कठिन हुने कर्णालीमा अहिले सडक सञ्जाल विस्तार हुनु, गाउँमा बिजुली पुग्नु र नागरिकका हातहातमा मोबाइल हुनु परिवर्तनका महत्त्वपूर्ण उदाहरण भएको बताए । कर्णालीवासीले विगतमा भोग्नुपरेका दुःखपूर्ण दिन स्मरण गर्दैमुख्यमन्त्री



शाहीले विगतको अवस्थालाई अहिलेको परिवेशसँग तुलना गरेर सङ्घीय गणतन्त्रपछि प्राप्त उपलब्धिलाई नयाँ पुस्ताले सम्मान गर्नुपर्ने धारणा राखे । '२०४१ सालमा यही विद्यालयमा पढ्दा चामल ल्याउन बाजुराको कोल्टी र मार्तडी जानुपर्थ्यो । बाटोमा भारी बोकेर जान्थ्यौं र उताबाट चामल ल्याउँदा पनि आफैं भारी बोकेर आउनुपर्थ्यो', उनले भने । विद्यार्थी जीवनमा मट्टीतेलको अभाव हुँदा झरो बालेर पढ्नुपरेको स्मरण गर्दै उनले अहिले गाउँगाउँमा सडक र विद्युत् पुगेको तथा सञ्चार सेवाको पहुँच विस्तार भएको विषयलाई सबैले मनन गर्नुपर्ने बताए । उनले भौतिक विकाससँगै सामाजिक क्षेत्रमा पनि परिवर्तन आएको उल्लेख गरे । सामाजिक सम्मान र अधिकारका क्षेत्रमा उल्लेखनीय सुधार आएको बताउँदै शाहीले समाजका सबै जातजाति र समुदायले अहिले सम्मानपूर्वक बाँच्न पाएको धारणा राखे ।

# बिहीबारदेखि शनिबारसम्म वर्षाको सम्भावना

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ९ कात्तिक

नेपाल मौसम विज्ञान विभाग अन्तर्गतको मौसम पूर्वानुमान महाशाखाका अनुसार बिहीबारदेखि शनिबार दिउँसोसम्म वर्षाको सम्भावना रहेको छ ।

महाशाखाका मौसमविद् रोजन लामिछानेले कात्तिक १२ गते बिहीबारदेखि पानी पर्नसक्ने सम्भावना रहेको बताए ।

उनले भने, "बिहीबारदेखि पानी पर्न सक्ने सम्भावना छ । शनिबार बिहानसम्म वर्षा रहने र त्यसपछि मौसम सुधार हुने सम्भावना छ ।"

उनले बङ्गालको खाडीमा चक्रवात बनिरहेकोले यसको प्रभाव नेपालसम्म पर्ने जानकारी दिए । उनले भने, "बङ्गालको खाडीमा चक्रवात बनिरहेको छ, भारतको आसपासको राज्यहरुबाट विस्तार भइ नेपालतर्फ आउने र यसको प्रभावको कारणले पानी पर्न सक्ने सम्भावना देखिएको हो ।"

भारतमा बनेको उक्त प्रणालीको सबैभन्दा बढी प्रभाव हिमाली र पहाडी भूभागमा हुने सम्भावना देखिएको उनको भनाइ छ । यससँगै तराई क्षेत्रहरुमा पनि यसको प्रभाव पर्ने देखिएको छ ।

उनी भन्छन्, "सो अवधिमा मध्यम वर्षाको सम्भावना धेरै देखिन्छ । थोरै ठाउँमा भारी वर्षा, एक, दुई ठाउँमा अति भारी वर्षाको सम्भावना पनि देखिन्छ ।"


## योग स्वस्थ जीवनको आधार

- तनाव व्यवस्थापनका लागि नियमित योग गरौं,
- योग अभ्यास गरी स्वस्थ जीवनशैली अपनाऔं,
- शारीरिक तथा मानसिक स्वास्थ्य सन्तुलन कायम राखौं,
- दैनिक जीवनमा सकारात्मक सोच र अनुशासन विकास गरौं,
- स्वस्थ खानपान र नियमित व्यायामलाई प्राथमिकता दिऔं,
- योगमार्फत रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरौं,
- सबै उमेर समूहलाई योग अभ्यासमा सहभागी बनाऔं,
- स्वस्थ समाज निर्माणका लागि योग संस्कृतिको प्रवर्द्धन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

# पश्चिम सुर्खेतमा सडक र पुलले खोल्दै समृद्धिको बाटो

पश्चिम सुर्खेतका नागरिकका लागि सडक र पुल केवल भौतिक पूर्वाधार होइनन्, वर्षौंदेखिको सास्ती, अभाव र राज्यको उपेक्षाबाट मुक्ति पाउने आशाका आधार हुन् । बर्खामा खोलाको भेलले आवागमन ठप्प हुने, बिरामीले समयमै उपचार नपाउने र किसानका उत्पादन बजारसम्म पुऱ्याउन नसक्ने बाध्यताले यस क्षेत्रको विकासलाई लामो समयसम्म पछाडि धकेल्यो । अहिले मदन भण्डारी राजमार्गअन्तर्गत सडक स्तरोन्नति, कालोपत्रे र पक्की पुल निर्माणले गति लिनु भनेको यहाँका नागरिकको जीविका सहज हुने संकेत हो । बराहताल, पञ्चपुरी र चौकुनेलगायत क्षेत्रलाई सहज यातायातसँग जोड्ने यी आयोजनाले स्थानीयको दैनिक जीवनमा प्रत्यक्ष प्रभाव पार्नेछन् । सडक सञ्जाल विस्तार भएपछि शिक्षा, स्वास्थ्य, व्यापार र रोजगारीका अवसरमा पहुँच बढ्नेछ । कृषि उपज, फलफूल, तरकारी तथा पशुजन्य उत्पादनले बजार पाउनेछन् । यसले किसानको आम्दानी बढाउनुका साथै ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग गर्नेछ । राजधानी वीरेन्द्रनगरसँगको सम्पर्क सहज हुँदा नागरिकको समय, खर्च र जोखिमसमेत घट्ने अपेक्षा गर्न सकिन्छ ।

तर, विकासको वास्तविक उपलब्धि निर्माण सुरु हुनुमा होइन, निर्धारित समयमा गुणस्तरीय काम सम्पन्न हुनुमा निर्भर हुन्छ । बिजौरा क्षेत्रमा देखिएको विवाद, सडक निर्माणका क्रममा हुने ढिलाइ तथा बाँकी खण्डका कामले आयोजना व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने देखाउँछन् । ठेक्का सम्झौता गरेर मात्र नागरिकका अपेक्षा पूरा हुँदैनन् । सम्बन्धित निकायले नियमित अनुगमन, पारदर्शिता र जवाफदेहितालाई प्राथमिकता दिनुपर्छ । निर्माण व्यवसायीलाई जिम्मेवार बनाउँदै बजेटको सदुपयोग सुनिश्चित गर्नु राज्यको दायित्व हो ।त्यस्तै, सडक र पुल बनेपछि तिनको दीर्घकालीन संरक्षण, उचित निकास व्यवस्था र वर्षायाममा हुन सक्ने क्षति न्यूनीकरणमा पनि ध्यान दिन आवश्यक छ । स्थानीय बस्ती, वातावरण र नागरिकको सुरक्षालाई बेवास्ता गरेर गरिने विकास दिगो हुन सक्दैन । सडकको पहुँचसँगै कृषि, पर्यटन, साना उद्योग र स्थानीय बजारको विकासलाई जोड्न सके मात्रै पूर्वाधारको प्रतिफल व्यापक बन्नेछ ।

पश्चिम सुर्खेतको विकास अब आश्वासनमा सीमित रहनु हुँदैन । निर्माणाधीन सडक र पुल समयमै सम्पन्न गरी सञ्चालनमा ल्याउनुका साथै बाँकी दुर्गम बस्तीलाई पनि यातायातको पहुँचमा ल्याउनुपर्छ । संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक छ । विकासको लाभ सबै नागरिकसम्म पुग्ने गरी योजना कार्यान्वयन गर्न सके सडक र पुलले पश्चिम सुर्खेतको मुहार मात्र होइन, समृद्धिको भविष्यसमेत बदल्न सक्नेछन् । त्यसैले, पश्चिम सुर्खेतमा अँझै पनि विकासका धेरै आयोजना अझै अधुरा छन्, तिनलाई पनि प्राथमिकताका साथ अघि बढाएर समयमै सम्पन्न गर्न सम्बन्धित निकाय गम्भीर बन्नुपर्छ । अधुरा आयोजनालाई पूर्णता दिँदै विकासको लाभ सबै नागरिकसम्म पुऱ्याउन सके मात्रै समृद्ध पश्चिम सुर्खेतको सपना साकार हुनेछ ।

## पुरानो...

रहेकाले नयाँ ठेक्का प्रक्रिया अघि बढाउनसमेत समस्या भएको सडक डिभिजन कार्यालयले जनाएको छ ।

पुराना संरचना प्रयोग गर्न मिल्ने भए तिनै संरचनाबाट निर्माण अघि बढाउने र नमिल्ने भए नयाँ डिजाइनअनुसार काम गर्नुपर्ने अवस्था छ तर, संरचनाको प्राविधिक परीक्षणको नतिजा आइसकेको छैन । सुर्खेत क्षेत्र नम्बर २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य रमेशकुमार सापकोटाले आगामी मंसिरसम्म पुलको नयाँ डिजाइन तयार गरेर ठेक्का प्रक्रियामा लैजाने गरी सडक विभागले तयारी गरेको बताएका छन् । 'रानीघाटमा अलपत्र पुल आगामी मंसिरसम्म पुलको नयाँ डिजाइन गरेर ठेक्का प्रक्रियामा लैजाने गरी सडक विभागले तयारी गरेको छ,' उनले भने ।

## रानीघाटमा...

स्थानमा कडा चट्टान भेटिएकाले काम गर्न नसकेको बताउँदै आएको थियो । कम्पनीले पुलको डिजाइन परिवर्तन गर्नुपर्ने माग गरेपछि वैकल्पिक डिजाइनसमेत तयार गरिएको थियो । तर, त्यसपछि पनि निर्माण अघि बढेन । सडक डिभिजन कार्यालयको विवरणअनुसार निर्माण कम्पनीले पुल निर्माणका क्रममा ४ करोड ३८ लाख २२ हजार रुपैयाँ भुक्तानी लिएको छ । ठेक्का तोडिएपछि कार्यालयले ८० लाख ७९ हजार रुपैयाँ बैंक ग्यारेन्टी जफत गरेको थियो । पुलका संरचना अधुरै रहँदा निर्माणमा भएको लगानीबाट अपेक्षित उपलब्धि प्राप्त हुन सकेको छैन । निर्माण कम्पनी र सडक डिभिजन कार्यालयबीच यसअघि पनि रकम फिर्ताको विषयमा विवाद भएको थियो । सम्झौताअनुसार कम्पनीले लिएको एक करोड ७६ लाख ५० हजार रुपैयाँ सडक डिभिजन कार्यालयले फिर्ता लिएपछि पप्पु-मल्ल जेभीले २०७३ असार २५ गते उच्च अदालत सुर्खेतमा रिट दायर गरेको थियो । कम्पनीले सडक डिभिजन कार्यालय र नेपाल बंगलादेश बैंकको नेपालगञ्ज शाखालाई विपक्षी बनाएको थियो । त्यसबेला निर्माण कम्पनीले तीन करोड रुपैयाँसम्मको काम गरिसकेको दाबी गरेको थियो ।

# प्रविधि अर्थात् डिजिटल निरंकुशता



✍ नवीन तिवारी

दार्शनिक कार्ल मार्क्सले उनको किताब 'द एटिन ब्रुमर अफ लुई बोनापार्ट'मा 'मानिसले आफ्नो इतिहास बनाउँछन्, तर आफ्नो इच्छाअनुसार मात्र बनाउन सक्दैनन्; उनीहरूले इतिहासलाई आफूले छानेको परि स्थितिअनुसार बनाउँदैनन्, बरु अगाडि नै अस्तित्वमा रहेको परिस्थितिअनुसार बनाउँछन्, जुन भूतकालबाट उनीहरूले पाएको र हस्तान्तरण गरिएको हुन्छ' भन्दै सुरु गर्छन् । समाज गतिशील छ र सधैं परिवर्तनको आकांक्षा लिएर हिँड्छ । तर प्रश्न उठ्छः के समाजले लिएको वा लिन खोजेको गति सधैं सही बाटोमा हुन सक्छ ? माथि उल्लेखित भनाइजस्तै इतिहास पनि त विद्यमान परिस्थितिले तय गर्ने होला वा अझ भनौं, समाजले लिने गति पनि त विद्यमान परिवेशले तय गर्ने होला ।

इजरायलका पछिल्लो समयका एक चर्चित लेखक हुन् युवल नोआ हरारी । उनले 'स्यापियन्स'मा 'इतिहासको क्रमलाई तीन महत्वपूर्ण क्रान्तिले आकार दिएका हुन्' भनेर लेखेका छन् । उनका अनुसार संज्ञानात्मक क्रान्ति, कृषि क्रान्ति र वैज्ञानिक क्रान्तिले मानव सभ्यता यो अवस्थामा आइपुगेको हो ।

उनका अनुसार संज्ञानात्मक क्रान्ति करिब ७० हजार वर्षअघिबाट सुरु भयो, कृषि क्रान्ति करिब १२ हजार वर्षअघिबाट सुरु भयो भने वैज्ञानिक क्रान्ति करिब ५०० वर्षअघिबाट सुरु भएको हो । बितेको ५०० वर्षमा हेर्ने हो भने विज्ञानको क्षेत्रमा अतुलनीय प्रगति भएको छ, जसको बराबरी त्यसअघिका समस्त मानव युगको प्रगतिको हिसाब जोड्दा पनि हुँदैन । यही परिवर्तनको कुरालाई बुझाउन तिनै हरारी उक्त किताबमा एउटा काल्पनिक कथा भन्छन्ः 'परिकल्पना गर्नुस्, एउटा स्पेनी गोठालो सन् १००० मा सुत्छ र ५०० वर्षपछि कोलम्बसका नाविकले निना, पिन्टा र सान्टा मारिया चढ्दाको आवाजसँगै उठ्छ । उसलाई त्यो दुनियाँ परिचित नै लाग्छ । अब सोच्नुस्, कोलम्बसको नाविक निदाउँछ र २१औं शताब्दीमा आइफोनको रिङ्टोनसँगै ब्युँझिन्छ । उसले आफूलाई आफ्नो बुझाइभन्दा बाहिरको समाजमा पाउँछ ।'

यी यावत् परिवर्तनको कुरा गर्दा प्रश्न एउटै आउँछ । के संज्ञानात्मक क्रान्तिहुँदै वैज्ञानिक क्रान्तिसम्मको चरणमा आइँदासम्मको चरण सबै सकारात्मक छन् त ? अवश्य पनि नहोला । आणविक ऊर्जाको वैज्ञानिक अवधारणाको दुरुपयोगले समग्र पृथ्वी नै अन्त्यको संहारमा छ भन्दा गलत नहोला । औद्योगिक क्रान्तिको सुरुवातसँगै हालका दिनसम्म आइपुग्दा कार्बन डाइअक्साइडको असीमित उत्सर्जनले समग्र पर्यावरणलाई परेको असरले प्राणिजगत्लाई हानि गरेको तथ्यलाई नकार्न मिल्दैन ।

जर्मन अर्थशास्त्री क्लाउस स्वाबले उनको किताब 'द फोर्थ इन्डस्ट्रियल रिभोलुसन'लाई सन् २०१६ मा प्रकाशनमा ल्याए । विज्ञान र प्रविधिमा भएको तीव्र प्रगतिसँगै अस्तित्वमा आएको कृत्रिम वैश्विकतालाई उनले 'चौथो औद्योगिक क्रान्ति'को संज्ञा दिएका छन्, जसले भौतिक, डिजिटल र जैविक दुनियाँबीचको सीमालाई नै धमिलो बनाएको छ ।

चौथो औद्योगिक क्रान्तिको आयाम थपिएसँगै मानिसको जीवनको हरेक पाटोमा नाटकीय रूपले परिवर्तन आएको छ । विगतका दिनमा मानिसले समाजमा नाम वा चर्चा कमाउन या त ठूलो काम गर्नुपर्थ्यो, या त शक्तिको मियोमा बस्नुपर्थ्यो, या त गीतसंगीत, चलचित्र, खेलकुदको दुनियाँका हस्ती हुनुपर्थ्यो वा अन्य यस्तै केही हुनुपर्थ्यो । तर, भर्चुअल दुनियाँको उदयसँगै कुनै पात्र चर्चाको शिखरमा पुग्न त्यो भर्चुअल दुनियाँमा 'भाइरल' भए पुग्छ ।

नेपाली समाजमा त्यस्ता धेरै 'भाइरल' पात्रको उदय भएको छ, जसले समाजका हरेक तहतप्काका साथै सर्वसाधारणको सोच्ने, चिन्तन गर्ने कार्यसम्म असर पुऱ्याएको देखिन्छ । जब समाज 'भाइरल' पात्रको पछि लाग्ने तहमा पुग्छ, तब लोकतन्त्रले गति लिन्छ त ?

मिडियाको विकाससँगै नागरिकलाई राज्यसँग जोड्न सजिलो भयो । राज्यको हरेक कामकारबाही तथा सूचना मिडियामा सम्प्रेषण हुन थालेपछि नागरिक सुसूचित हुन पुगे । तर, कुनै पनि राज्यले आज्ञाकारी नागरिकको परिकल्पना गर्छ, चाहे त्यो अधिनायकवादी राज्य होस् वा लोकतान्त्रिक नै किन नहोस् ।

शासकले नागरिकसँगको सवालजवाफलाई लत्याउँदै, मिडियाबाट पन्छिँदै सामाजिक सञ्जालबाटै देश चलाउन खोज्नु भनेको मुलुकलाई गम्भीर संकटतिर धकेल्नु हो । हाल नेपालको परिस्थिति त्यस्तै छ भन्दा फरक पर्दैन ।

त्यस्तै, मिडिया पनि कुनै निश्चित पुँजीपतिको हातमा हुन्छ र तिनीहरूले तिनै समाचार सम्प्रेषण गर्छन्, जसले उनीहरूलाई फाइदा पुऱ्याउँछ । धर्मको पकड कमजोर बन्दै गएपछि विकल्पमा राष्ट्रवाद उदाएको ठहर बेनेडिक्ट एन्डरसनको छ । उनी उनको किताब 'इमाजिन्ड कम्युनिटी'मा लेख्छन्, 'तब निरपेक्ष रूपमा भाग्यवादलाई निरन्तरतामा बदल्ने, आकस्मिकतालाई अर्थमा बदल्ने आवश्यकता थियो, त्यसका लागि सबैभन्दा उत्तम विकल्प राष्ट्र नै थियो ।'

'सोहीअनुरुप प्रिन्ट पुँजीवादको उदयसँगै बिहानको प्रार्थनाको विकल्पमा मानिसहरूले पत्रिका पढ्न थाले, उनी थप्छन् । यद्यपि, ती प्रिन्ट मिडियालगायत अन्य मिडियाहरूका आफ्नै सीमा थिए/छन् । मिडियाहरू आफ्नो उदयसँगै सूचनाको केन्द्र बन्न पुगे । सूचनामा ती मिडियाको एकाधिकारजस्तै रहन पुग्यो । र, माथि भनिएजस्तै ती मिडियाले आफूअनुकूल सूचना सम्प्रेषण गर्न पुगे । दार्शनिक नोम चोमस्की तथा एड्वर्ड एस. हर्मनले संयुक्त रूपमा लेखेको किताब 'म्यानुफ्याक्चरिङ कन्सेन्ट' मिडियाले गर्ने यस्तै काम वरिपरि रहेर लेखिएको किताब हो ।

सन् १९८८ अर्थात् टेलिभिजनले आफ्नो वर्चस्व राख्दै गरेको समय तथा प्रिन्ट मिडिया पनि हावी भएको बेलामा प्रकाशित भएको उक्त किताब त्यस समयमा वर्चस्वमा रहेका मिडियालाई केन्द्रमा राखेर लेखिएको किताब थियो । उनीहरूले मिडियाको पाँच फिल्टरका कुरा गर्छन्, जसले सूचना सम्प्रेषणमा प्रभाव पार्छन् ।

पहिलो- त्यसको स्वामित्व, दोस्रो- विज्ञापनबाट उठ्ने रकम, तेस्रो- समाचारको स्रोत, चौथो- फ्लाक र पाँचौं- साझा दुस्मन । अर्थात् समाचार सम्प्रेषणको कार्य यी तमाम परिस्थितिलाई मध्यनजर गरेर मात्रै गरिन्छ, जसको सिधा अर्थ हुन्छ, समाचार सम्प्रेषण पनि निष्पक्ष हुँदैन । फिल्टरका विभिन्न चरण पार गरेपछि मात्रै कुनै समाचार प्रकाशन हुन्छ । साथै, उक्त प्रकाशन कुनै निश्चित वर्गलाई केही लाभ पुऱ्याउने खालको हुन्छ । यस्ता यावत् कुराले मिडियाको विश्वसनीयतामा सधैं प्रश्न उठ्दै आएको छ ।

सैद्धान्तिक रूपमा संसारमा कुनै पनि कुरा तटस्थ हुँदैन । कुनै एउटा निश्चित दर्शनलाई आधार मानेकै हुन्छ । तर, कुन र कति मात्रामा भन्ने मात्र हो । अझ मिडियाले सधैं कमजोरलाई साथ दिनुपर्छ भन्ने स्थापित मान्यता छ । साथै, संरचनात्मक असमानताविरुद्ध बोल्नुपर्छ र आवाजविहीनहरूको आवाज बन्नुपर्छ भन्ने कुरा संसारमा चल्ने अनेकन डिस्कोर्समा उठ्दै आएको कुरा हो । यद्यपि, संसारका धेरै र स्थापित मिडियाले उक्त कुराको मर्म बुझेनन् वा बुझ्न चाहेनन् र अन्ततः कुनै निश्चित पावरहाउसलाई नै सेवा गरेको देखिन्छ ।

जब क्लाउस स्वाबले भनेजस्तो 'चौथो औद्योगिक क्रान्ति' थालनी भयो, यसले मिडियाको सूचनामाथिको एकाधिकार तोड्न पुग्यो । मिडियामा केन्द्र र सीमान्तबीचको भेदलाई नै धमिलो बनाउन उक्त चौथो औद्योगिक क्रान्तिले ठूलो भूमिका खेलेको छ । सामाजिक सञ्जालको बढ्दो प्रयोग तथा कृत्रिम बौद्धिकताले सूचनाको केन्द्रमा रहेका मिडियालाई नै प्रश्नचिह्न खडा गर्न थालेको छ । अर्थात्, मानिसहरू मिडियामा आएका समाचारलाई छाडेर सामाजिक सञ्जालमा निस्केका अन्य विकल्पलाई पछ्याउन थालेका छन् र सोहीअनुरुप आफ्नो धारणा बनाउन थालेका छन् ।

ई.एच. कार उनको किताब 'ह्वाट इज हिस्ट्री'मा इतिहास लेखनमाथि टिप्पणी गर्दै लेख्छन्, 'इतिहासको अनुहार शुद्ध रूपमा कहिल्यै देखा पर्दैन । किनकि त्यो शुद्ध रूपमा रहँदैन र रहन पनि सक्दैन । त्यो सधैं रेकर्ड गर्ने पात्रको मस्तिष्कबाट अपवर्तन भएको हुन्छ ।' अर्थात् इतिहासमा केवल नाम र घटना मात्रै हुँदैन, त्योसँगै इतिहासकारको विचारधारा वा धारणा पनि रहेको हुन्छ । मिडियाका पाँच फिल्टरले पनि इतिहासकारले जस्तै कार्य गर्ने गर्छन् । तर, सूचनामा मिडियाको एकाधिकार भत्किसँगै त्यो भूमिका 'चौथो औद्योगिक क्रान्ति'ले उत्पादन गरेको सामाजिक सञ्जाल र कृत्रिम बौद्धिकता (एआई) मा सर्न पुग्यो ।

सूचनाको एकाधिकार मेनस्ट्रिम मिडियाबाट अन्यत्र सर्नु राम्रो वा नराम्रो हो भन्ने बहस लामै हुन जान्छ । तर, यति भन्न सकिन्छ, केही अर्थले यो सकारात्मक कुरा हो भने केही अर्थले नकारात्मक हो । मेनस्ट्रिम मिडियाहरूको तमाम अवगुण हुँदाहुँदै पनि लोकतन्त्रलाई संस्थागत र प्रवर्द्धन गर्न खेलेको भूमिकालाई अवमूल्यन गर्न सकिन्न ।

उता सामाजिक सञ्जाल र कृत्रिम बौद्धिकताको उदयले नागरिकलाई सूचना प्रवाह गर्न राम्रै भूमिका खेल्दै गर्दा भाइरल र इन्फ्लुएन्सर किसिमका पात्रलाई राजनीतिमा उदय गराउने महत्वपूर्ण साधन बनेको कटु यथार्थलाई नकार्न सकिन्न । प्रकृतिमा भएका र मानव समाजले उत्पादन गरेका हरेक साधनले गुण र अवगुण दुवै लिएर आएका हुन्छन् । त्यसले समाजमा राम्रो गर्ने वा नराम्रो गर्ने भन्ने कुरा प्रयोगकर्तामा भर पर्न जान्छ ।

युवल नोआ हरारीले उनको पछिल्लो किताब 'नेक्सस'मा यो प्रसंगलाई बुझाउन एउटा राम्रो उदाहरण ल्याएका छन् । सन् १४४० तिर जर्मनीमा गुटेनबर्ग प्रेसको आविष्कार भयो । त्यसको करिब ४६ वर्ष अर्थात् १४८६ मा हेनरिक क्रामरले 'द ह्यामर अफ विचेज' नामक किताबलाई प्रकाशनमा ल्याए । उक्त किताबमा बोक्सीहरूको आनीबानी तथा उनीहरूले के-कस्ता षड्यन्त्र गर्छन् भन्ने कुरा लेखिएको थियो ।

हामीले अनुभव गर्दै गरेको समाजमा पनि शासक विरुद्धै सार्वजनिक वृत्तमा देखा पर्छ, संवाद गर्दैन, मिडियामा आउँदैन र माथि उल्लेखित चलचित्रमा जस्तै स्क्रिनबाट मुलुक चलाउने कार्यमा जोड दिएको देखिन्छ । यस्तो प्रक्रियाले समाजलाई थप क्षति पुऱ्याउने निश्चित छ ।

साथै, किताबले जादु टुनामुनालाई अपराधका रूपमा लिएको थियो । त्यसका अलावा प्रचलित धार्मिक परम्पराभन्दा बाहेकका कुरालाई पनि अपराधकै रूपमा वर्णन गरेको थियो । र, केही त्यस्ता 'अपराध' गर्दा जिउँदै जलाउनुपर्छ भनेर सजायसम्म किटान गरेको थियो ।

हरारीका अनुसार त्यस किताबले मानिसमा रहेको डरलाई राम्रो मलजल गऱ्यो । साथै मानिसको मासु खाने कुरा, बालहत्या र राक्षसका षड्यन्त्रजस्ता विषयलाई सुन्न झन् सनसनीपूर्ण तरिकाले उत्सुक गरायो । हरारीका अनुसार उक्त किताबले 'समाजमा मास हिस्टेरिया नै सुरु गर्न पुग्यो र सोह्रौं र सत्रौं शताब्दीमा करिब ४० हजार मानिस यातना र मृत्युदण्डका सिकार बने, जसमा सबै लिङ्ग र उमेरका मानिस थिए, यहाँसम्म कि पाँच वर्षका बालबालिका पनि सिकार हुन पुगे ।

अन्य स्रोतले महिलाहरू सबैभन्दा बढी पीडित भए भन्छन् । उक्त उदाहरण दिँदै हरारीको ठहर छ- समाजमा निस्केका नयाँ आविष्कार र अन्वेषणले समाजमा सधैं सकारात्मक प्रभाव पार्दैन । नकारात्मकता र अन्धविश्वास फैलाउन पनि यसले निकै सशक्त भूमिका खेल्न सक्छ । हरारी स्वयम् पनि कतिपय अवस्थामा शक्तिसंरचनाले स्थापना गरेको भाष्यलाई क्रमकै शैलीमा प्रचार गरिरहेको फेला पर्छन् । यो तथ्यलाई नकार्न सकिन्न ।

सामाजिक सञ्जालको विकाससँगै लोकतान्त्रिक समाजमा कुनै पनि उम्मेदवारले चुनावमा आफूलाई योग्य देखाउन सामाजिक सञ्जालको भरपूर प्रयोग गर्ने गरेका छन् । सामाजिक सञ्जाललाई नै मुख्य चुनावी हतियार बनाएर सांसद, मन्त्री, प्रधानमन्त्री हुँदै राष्ट्रपतिसम्म बनेका धेरै उदाहरण छन् वर्तमान समयमा । तर, लोकतन्त्रमा चुनावी एजेन्डा, मार्गनिर्देशक सिद्धान्त, नागरिकसँग प्रत्यक्ष संवादलगायत सबै कुरालाई बेवास्ता गर्दै सामाजिक सञ्जालमै पोस्ट र भिडियो बनाएर गरिने प्रचारशैलीले लोकतन्त्र सुदृढ हुन्छ वा पपुलिस्टहरूको उदय हुँदै लोकतन्त्र नै क्षयीकरणमा जान्छ भन्ने कुरा अहिलेको दुनियाँमा जल्दोबल्दो बहस रहेको देखिन्छ ।

पिटर पोमेरान्त्सेभले सन् २०१९ मा 'दिस इज नट प्रोपोगान्डा' नामको किताब प्रकाशनमा ल्याए । उक्त किताबमा उनले एउटा च्याप्टर फिलिपिन्सका पूर्वराष्ट्रपति रोड्रिगो दुतेर्तेको उदयलाई लिएर तयार पारेका छन् । दुतेर्तेले सामाजिक सञ्जाललाई कसरी आफ्नो राजनीतिक अभियानमा सक्रिय रूपमा प्रयोग गर्दै फिलिपिन्सको राष्ट्रपतिका रूपमा उदाए भन्ने कुराको व्याख्या छ ।

साथै, उनले सार्वजनिक मञ्चबाट कसैलाई मार्छु भन्दा वा ड्रग कार्टेल भन्दै शहरी गरिबहरूलाई कत्लेआम गर्दा पनि नागरिकस्तरबाट विरोधको सट्टा उल्टै समर्थन पाएको लगायतका अनेकन घटनाको उल्लेख पाइन्छ । स्मरणयोग्य कुराचाहिँ के हो भने, उनको राष्ट्रपतीय दौडमा बिजनेस वर्ल्ड-एसडब्ल्यूएसले सन् २०१६ को जनवरी ८ देखि १० सम्म एउटा सर्भे गरेको थियो, जसमा फिलिपिन्सका राष्ट्रपतिका लागि उम्मेदवारहरूलाई जनताले कति प्राथमिकता दिएका थिए भन्ने विषयमा थियो ।

# कुमाख पहाडमा मेला



❐ काँक्रेविहार संवाददाता
सल्यान, ९ कात्तिक

समुद्र सतहबाट करिब दुई हजार पाँच सय ३७ मिटर उचाईमा रहेको सल्यानको प्रसिद्ध पर्यटकीय तथा धार्मिक क्षेत्र कुमाख लेक (पहाड) मा यस वर्ष पनि भव्य मेला लागेको छ।

कोजाग्रत पूर्णिमाको अवसरमा लाग्ने जिल्लाकै ठुलो यस मेलामा सोमबार हजारौँ मानिसको घुइँचो लागेको छ। सिद्ध कुमाख र कुमाख गाउँपालिका बीचमा पर्ने लेकमा सिद्ध बाबाको मन्दिर छ भने मन्दिरको काखैमा सिद्ध गुफा छ। दसैँपछिको चतुर्दशी र कोजाग्रत पूर्णिमामा यो मन्दिरमा विशेष पूजाआजा हुन्छ र मेला लाग्ने गर्छ।

परम्परागत रूपमा लाग्ने कुमाख मेला भर्न सल्यानका विभिन्न गाउँका साथै छिमेकी जिल्ला रुकुम, रोल्पा, जाजरकोट र दाङबाट हजारौँको संख्यामा भक्तजन तथा पर्यटकको बाक्लो उपस्थिति देखिएको छ।

पहिलोपटक मन्दिर दर्शन गर्न पुगेका भक्तजनले मन्दिरको सात पटक परिक्रमा गरी चिताएको मनोकांक्षा पूरा होस् भनी वर माग्ने र भाकल अनुसार पूजा तथा बलि चढाउने परम्परा अनुसार पूजा आराधना गर्ने गरिन्छ। साथै पहाडको भित्री भागमा रहेको करिब १५० मिटर लामो प्राकृतिक सिद्ध गुफामा समेत श्रद्धालुले दर्शन गरिरहनु भएको छ।

सिद्ध मन्दिरभन्दा करिब एक किलोमिटर तल जिमालीतर्फको समथर मैदानमा भव्य मेला सञ्चालन भइरहेको छ। मेलामा स्थानीय मौलिक लोक सांस्कृतिक प्रस्तुती पनि राख्ने गरिन्छ। दसैं मनाउन परदेशबाट घर फर्केका आफन्त र पुराना साथीभाइ एकापसमा भेटघाट हुने र सुखदुःख साट्ने महत्वपूर्ण थलोका रूपमा पनि यो मेलालाई लिने गरिन्छ।

पूजाआजा गरेर वर मागे पूरा हुन्छ भन्ने धार्मिक विश्वास रहेकाले कोजाग्रत पूर्णिमाको दिन मेला भर्ना र पूजाआजा गर्न मन्दिरमा धेरै भक्तजन आउने गरेका मन्दिरका पुजारी शेरबहादुर डाँगीले बताउनुभयो।

परम्परागत रूपमा लाग्दै आएको यस मेलामा स्थानीय कृषि उपज तथा परम्परागत परिकारको राम्रो व्यापार भइरहेको छ।

# काँग्रेसका नवनिर्वाचित पदाधिकारी र सदस्यको शपथ बिहीबार

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ९ कात्तिक

नेपाली कांग्रेसको १५औँ महाधिवेशनबाट निर्वाचित पदाधिकारी र सदस्यको शपथ बिहीबार हुने भएको छ।

असोजको तेस्रो साता काठमाडौंमा भएको महाधिवेशनबाट निर्वाचित पदाधिकारी र सदस्यको शपथ बिहीबार हुने निर्वाचन समितिका सदस्य सचिव राजु कटुवालले जानकारी दिए।

'नेपाली कांग्रेसको १५औँ महाधिवेशनबाट नवनिर्वाचित केन्द्रीय पदाधिकारी एवं सदस्यहरूको शपथ ग्रहण समारोह कात्तिक १२ गते



अपराह्न २ बजे नेपाली कांग्रेस केन्द्रीय कार्यालय, बीपी स्मृति भवन, बीपी नगर, ललितपुरमा हुने निश्चित गरिएको छ', सदस्य सचिव कटुवालको हस्ताक्षरमा जारी विज्ञप्तिमा भनिएको छ।

पार्टीको सभापतिमा निर्वाचित गगनकुमार थापाको शपथ भने यसअघि नै भइसकेको छ। सभापतिबाहेक अन्य पदाधिकारी र सदस्यको शपथ बाँकी रहेको छ।

# बेल्डाँडीमा बाघ धपाउन हात्ती परिचालन

❐ काँक्रेविहार संवाददाता
महेन्द्रनगर, ९ कात्तिक

कञ्चनपुरको बेल्डाँडी गाउँपालिका-५ इमलिया क्षेत्रमा पाटेबाघ बस्ती नजिकै देखिएपछि शुक्लाफाँटा राष्ट्रिय निकुञ्जले बाघ धपाउन हात्ती परिचालन गरेको छ।



शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका रेञ्जर विक्रम चौधरीले विगत चार/पाँच दिनदेखि सो क्षेत्रमा पाटेबाघ देखिएपछि बस्तीमा सतर्कता अपनाउन आग्रह गरिएको बताए।

"लगातार बाघ देखिन थालेपछि हामीले निगरानी बढाउन सो क्षेत्रमा क्यामेरा पनि जडान गरेका थियौँ," रेञ्जर चौधरीले भने, "गएराति पनि क्यामेरामा बाघ देखिएपछि अहिले शुक्लाफाँटाबाट दुई वटा हात्ती त्यहाँ परिचालन गरिएको छ।"

निकुञ्जभित्र रहेको शुक्लाफाँटा पोष्टबाट दुई वटा हात्ती परिचालन गरेर बाघलाई बस्ती छेउबाट जङ्गलतर्फ धपाउने काम भइरहेको चौधरीको भनाइ छ। त्यहाँ हात्तीका साथै बेल्डाडी पोष्टबाट शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेना र निकुञ्ज कर्मचारी पनि खटिएका छन्।

"पाटेबाघ उखुबारीमा रहेको भन्ने खबर पनि आएको छ," उनले भने, "उक्त क्षेत्रमा आवतजावत गर्ने स्थानीयलाई सावधानी अपनाउन भनेका छौँ।"

# कर्णालीको हवाई उडान समस्याबारे सरोकारवालाबीच छलफल

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ९ कात्तिक

कर्णाली प्रदेशको पहाडी क्षेत्रमा देखिएका हवाई उडानसम्बन्धी समस्या र तिनको दिगो समाधानका उपायबारे सरोकारवाला निकायबीच गहन छलफल भएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडक राज पौडेल 'गनेस'को उपस्थितिमा कर्णाली प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री, पर्यटन मन्त्रालयका सचिव तथा सहसचिव, नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का महानिर्देशक र दुर्गम क्षेत्रमा सेवा दिइरहेका निजी वायुसेवा सञ्चालकहरूबीच बैठक बसेको हो।

छलफलका क्रममा कर्णालीका पहाडी तथा दुर्गम जिल्लाहरूमा नियमित र सुरक्षित हवाई सेवा सञ्चालन गर्दा भोग्नुपरेका व्यावहारिक तथा प्राविधिक समस्याहरूबारे विस्तृत समीक्षा गरिएको थियो। साथै, सर्वसाधारणलाई हवाई सेवामा पहुँच सहज बनाउने, उडानलाई नियमित र प्रभावकारी बनाउने तथा देखिएका चुनौतीहरू सम्बोधन गर्न चाल्नुपर्ने सम्भावित कदमबारे सरोकारवालाहरूले आ-आफ्नो धारणा राखेका थिए।

सरकार र वायुसेवा सञ्चालकहरूबीच भएको यस विचारविमर्शले कर्णालीको हवाई यातायातलाई थप व्यवस्थित र भरपर्दो बनाउन सहयोग पुग्ने विश्वास लिइएको छ।

# भूमिहीनको समस्या समाधान र सहकारीपीडितको रकम फिर्तालाई तीव्रता दिन्छौँ : मन्त्री रावल

❐ काँक्रेविहार संवाददाता
चितवन, ९ कात्तिक

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले सरकारले दसैँ-तिहारपछि भूमिहीन नागरिकको समस्या समाधान र सहकारीपीडित बचतकर्ताको रकम फिर्ता गर्ने प्रक्रियालाई तीव्रता दिने बताएकी छन्।



सोमबार चितवनमा सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै उनले भूमिहीन नागरिक र सहकारीपीडितका समस्या समाधान सरकारको प्राथमिकतामा रहेको बताउँदै दशैं-तिहारलगत्तै त्यसलाई तीव्रता दिइने बताएकी हुन्।

उनले दुवै क्षेत्रका समस्या समाधानका लागि आवश्यक कानुनी तथा नीतिगत जटिलता हटाउँदै काम अघि बढाइएको जानकारी दिइन्। मन्त्री रावलका अनुसार सरकारले समस्याग्रस्त घोषणा गरेका सहकारीका बचतकर्ताको रकम फिर्ता गर्ने प्रक्रिया सुरु भइसकेको छ।

लामो समयदेखि बचत फिर्ता नपाएर पीडामा रहेका नागरिकलाई जतिसक्दो छिटो रकम फिर्ता गर्ने गरी कामलाई तीव्रता दिनुपर्ने आवश्यकता रहेको उनले बताइन्। उनले भूमिहीन नागरिकको समस्या समाधानमा बाधक बनेका कानुनी जटिलता अध्यादेशमार्फत हटाइएको उल्लेख गरिन्।

यसअघि कानुनी व्यवस्थाका कारण भूमिहीन नागरिक बसेकै स्थानमा उनीहरूलाई व्यवस्थापन गर्न कठिनाइ रहेको भन्दै उनले आवश्यक नीतिगत सुधार गरेर अघि बढिएको बताइन्। भूमिहीन नागरिकमा आफूहरू बसिरहेको स्थानबाट हटाइने वा डोजर चलाइने हो कि भन्ने त्रास रहेको उल्लेख गर्दै मन्त्री रावलले सरकारले गरिरहेको काम र आगामी योजनाबारे उनीहरूलाई जानकारी गराउन आवश्यक रहेको बताइन्। त्यसैक्रममा आफू चितवन आइपुगेको उनको भनाइ छ।

मन्त्री रावलले सरकार जनताका समस्या सुन्न र समाधानका लागि पहल गर्न जनताकै बिचमा पुग्नुपर्ने मान्यताअनुसार आफू चितवन आएको बताइन्। उनले भूमिहीन नागरिक र सहकारीपीडित बचतकर्तासँग भेटेर उनीहरूका गुनासा, सुझाव तथा समस्या समाधानको अवस्थाबारे जानकारी लिने स्पष्ट पारिन्।

सरकारको प्राथमिकताबारे प्रस्ट पार्दै मन्त्री रावलले भनिन्, 'हामीले भूमिहीन नागरिकहरूको समस्या समाधान र सहकारीपीडित बचतकर्ताको समस्या समाधानलाई प्राथमिकतामा राखेर काम गरिरहेका छौँ। मैले नेतृत्व गरिरहेको मन्त्रालयले यी दुई विषयलाई विशेष प्राथमिकतामा राखेको छ। सहकारीमा बचत डुबेका बचतकर्ताहरूको रकम फिर्ता गर्ने प्रक्रिया सुरु भइसकेको छ। सरकारले समस्याग्रस्त घोषणा गरेका सहकारीहरूको बचत फिर्ता गर्ने काम अघि बढिरहेको छ। तर यसलाई अझ तीव्रता दिनुपर्ने आवश्यकता छ।'

जनतासँगको भेटघाट र कानुनी सुधारबारे मन्त्री रावलले भनिन्, 'मन्त्री जनतालाई भेट्न जानुपर्छ भन्ने मान्यताका साथ सरकारले एउटा नयाँ प्रणाली स्थापित गर्न खोजिरहेको छ। भूमिसम्बन्धी समस्या समाधानका क्रममा कतिपय कानुनी जटिलता थिए, तर अहिले सरकारले अध्यादेशमार्फत ती कानुनी गाँठाहरू फुकाएको छ। अहिले आफूहरू बसिरहेको ठाउँबाट उठाइदिने हो कि, डोजर लगाइदिने हो कि भन्ने त्रास भूमिहीन नागरिकमा देखिएको छ। यस्तो त्रासपूर्ण वातावरण अन्त्य गर्न पनि हामी उनीहरूलाई सरकारले के काम गरिरहेको छ भन्ने स्पष्ट पार्न चाहन्छौँ।

उनले आगामी कार्ययोजनाबारे थप्दै भनिन्, 'अब दसैँ-तिहारपछि भूमिहीन नागरिकका समस्या समाधान गर्ने कामलाई अझ आक्रामक रूपमा अघि बढाएको देख्नुहुनेछ। यो काम चितवनमा मात्र सीमित रहने छैन, देशैभरि तीव्रताका साथ अघि बढाइनेछ। हामी अहिले समस्या समाधानको सुरुवाती चरण पार गरेर कामलाई तीव्रता दिने दोस्रो चरणमा प्रवेश गर्दैछौँ।'

भ्रमणका क्रममा मन्त्री रावलले चितवन पुगेर सहकारीपीडित तथा भूमिहीनहरूसँग प्रत्यक्ष छलफल समेत गरेकी छन्।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# लुम्बिनीको सानदार सुरूआत, सुदूरपश्चिममाथि ७ विकेटको जित



❒ कााँक्रेविहार संवाददाता
काठमाडौं, ९ कात्तिक

नेपाल प्रिमियर लिग (एनपिएल) मा लुम्बिनी लायन्सले सानदार सुरूआत गरेको छ।

शेर मल्ल र किशोर महतोको उत्कृष्ट बलिङमा सुदूरपश्चिम रोयल्सलाई ८७ रनमै समेटेको लुम्बिनीले ८८ रनको लक्ष्य ९.५ ओभरमै ३ विकेट गुमाएर पूरा गर्दै ७ विकेटको शानदार जित निकालेको छ।

सुदूरपश्चिमले दिएको ८८ रनको लक्ष्य पछ्याएको लुम्बिनीका ओपनर डार्सी सर्ट र आसिफ शेखले आक्रामक ब्याटिङ गर्दै टोलीलाई सहज जितको बाटोमा अघि बढाए। पहिलो विकेटका लागि यी दुईले ७१ रनको साझेदारी गरेपछि लुम्बिनीले खेलमा बलियो पकड बनाएको थियो। सर्टले आक्रामक ब्याटिङ गर्दै १८ बलमा ४ चौका र ३ छक्काको मद्दतमा ४० रन बनाए। उनी अनिल खरेलको बलमा शेरफेन रदरफोर्डबाट क्याच आउट भए। आसिफ शेखले २५ बलमा २ चौका र २ छक्कासहित ३२ रन जोडे। उनी पनि खरेलको बलमा कप्तान दीपेन्द्रसिंह ऐरीबाट क्याच आउट भए। त्यसपछि निरोशन डिकवेल्ला १० बलमा ७ रन बनाएर दीपेन्द्रसिंह ऐरीको बलमा बोल्ड भए। तर, लुम्बिनीलाई जित दिलाउन कप्तान रोहितकुमार पौडेल र शमीम हुसेनले टोलीलाई लक्ष्यसम्म पुऱ्याए। शमीम ३ बलमा १ रन बनाएर अविजित रहे भने रोहितले ३ बलमा ५ रन जोड्दै अविजित रहे।

बलिङतर्फ सुदूरपश्चिमका अनिल खरेलले २ ओभरमा ९ रन खर्चेर २ विकेट लिए। कप्तान दीपेन्द्रसिंह ऐरीले ३.५ ओभरमा ३१ रन दिएर १ विकेट हात पारे। स्कट कुगेलेइनले २ ओभरमा ३० रन खर्चिए भने हेमन्त धामीले १ ओभरमा ५ र ब्रान्डन म्याकमुलनले १ ओभरमा ११ रन दिए।

यसअघि टस हारेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिम रोयल्स लुम्बिनीका शेर मल्ल र किशोर महतोको घातक बलिङसामु टिक्न नसक्दा १७.२ ओभरमा ८७ रनमै समेटिएको थियो। किशोरले ४ विकेट तथा शेर मल्लले ३ विकेट लिएपछि सुदूरपश्चिमको ब्याटिङ धराशायी बनेको थियो।

अघिल्लो सिजनको एनपीएल फाइनलमा पनि यी दुई टोली भिडेका थिए, जहाँ लुम्बिनीले सुदूरपश्चिमलाई हराउँदै उपाधि जितेको थियो। यसपटक पनि लुम्बिनीले उत्कृष्ट बलिङ र आक्रामक ब्याटिङको मद्दतमा सुदूरपश्चिममाथि प्रभावशाली जित निकाल्दै प्रतियोगितामा सुखद सुरूवात गरेको छ।

# आयल निगमको निर्देशन- ग्यास बिक्री गर्दा अनिवार्य भ्याट बिल जारी गर्नू

❒ कााँक्रेविहार संवाददाता
काठमाडौं, ९ कात्तिक



नेपाल आयल निगमले एलपी ग्यास बिक्री गर्दा अनिवार्य रूपमा मूल्य अभिवृद्धि कर (भ्याट) बिल जारी गर्ने व्यवस्था मिलाउन सबै ग्यास उद्योगलाई निर्देशन दिएको छ। निगमको एलपी ग्यास तथा एभिएसन विभागले सोमबार सबै ग्यास उद्योगलाई पत्राचार गर्दै ग्यास बिक्रीपछि बिलबिजक जारी नगरेको भन्ने गुनासो आएकाले अनिवार्य रूपमा भ्याट बिल जारी गर्ने व्यवस्था मिलाउन निर्देशन दिएको हो।

निगमका निर्देशक इन्जिनियर विनितमणि उपाध्यायद्वारा हस्ताक्षरित पत्रमा यसअघि पनि ३० साउन २०८१ र १० माघ २०८१ मा सम्बन्धित संघलाई पत्राचार गरिएको स्मरण गराइएको छ।

पत्रमा ग्यास उद्योगबाट नियुक्त बिक्रेताले ग्यास बिक्री गरेपछि अनिवार्य रूपमा भ्याट बिल जारी गरी बिक्रीवितरणको व्यवस्था मिलाउन भनिएको छ।

## पुल...

आर्थिक वर्ष २०७६/७७ देखि यो सडकलाई प्राथमिकतामा राखेको थियो। तर, विभिन्न खण्डमा ठेक्का अवधि सकिँदासमेत काम पूरा भएको छैन। पूर्वाधार विकास निर्देशनालय सुर्खेतले २०७७ असार १६ गते थोदुङ्ग-जागृति जेभीसँग रानीघाट-तेलपानी सडक निर्माणका लागि १३ करोड २६ लाख रुपैयाँमा सम्झौता गरेको थियो। सम्झौता अवधि सकिँदासम्म सडकको भौतिक प्रगति करिब आठ प्रतिशत मात्रै भएको छ। बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र र राष्ट्रिय वन क्षेत्रमा रुख कटान तथा जग्गा भोगाधिकारको अनुमति नपाउँदा सडक निर्माण प्रभावित भएको छ।

सडक र पुल निर्माणमा भएको ढिलाइले बराहताल गाउँपालिका-१, २ र ३ का नागरिकलाई प्रत्यक्ष असर परेको छ। स्थानीय किसानले उत्पादन गरेका कृषि उपज बजारसम्म पुऱ्याउन कठिनाइ भइरहेको छ। विशेषगरी तेलपानी र आसपासका क्षेत्रमा उत्पादन हुने आलु बजारसम्म पुऱ्याउन समस्या छ। सडक यातायातको सहज सुविधा नहुँदा ढुवानी खर्च बढ्ने र उत्पादनले उचित मूल्य नपाउने समस्या रहेको स्थानीय जनप्रतिनिधि बताउँछन्। बराहताल गाउँपालिका-१ का वडाध्यक्ष बमबहादुर बडुवालले सडकको अभावले कृषि उत्पादनको बजारीकरण प्रभावित भएको बताए। उनका अनुसार कृषि र पर्यापर्यटनको सम्भावना भए पनि यातायातको असुविधाले स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन समस्या छ।

रानीघाटमा पुल निर्माण भएपछि वीरेन्द्रनगरबाट बराहताल हुँदै बर्दियाको भुरीगाउँ पुग्ने छोटो सडक सञ्चालनमा आउने अपेक्षा गरिएको थियो। करिब ५२ किलोमिटर लामो सुर्खेत-भुरीगाउँ सडक सञ्चालनमा आए सुर्खेतबाट बर्दिया पुग्न अहिले रत्नराजमार्ग हुँदै बाँकेको कोहलपुर भएर जानुपर्ने घुमाउरो दूरी घट्नेछ। तर, पुल र सडक दुवै अधुरा हुँदा उक्त मार्ग सञ्चालनमा आउन सकेको छैन। यसअघि पुल निर्माणमा ढिलाइ भएपछि सडक डिभिजन कार्यालयले भेरी नदीमा वैकल्पिक रुपमा फेरी सञ्चालन गर्ने योजना अघि सारेको थियो। छिन्चु-जाजरकोट सडकखण्डको सल्लीबजारस्थित भेरी नदीमा प्रयोग गरिएको फेरी रानीघाटमा ल्याएर सञ्चालन गर्ने तयारी गरिएको थियो त्यसका लागि बराह निर्माण सेवालाई ६० लाख रुपैयाँमा ठेक्कासमेत दिइएको थियो।

# हुम्लामा चार करोडको खसीबोका व्यापार

❒ कााँक्रेविहार संवाददाता
हुम्ला, ९ कात्तिक



हुम्लामा चार करोड मुल्य बराबरको खसीबोकाको व्यापार भएको छ। दसैं वर्षको एक पटक आउने मुख्य चाडपर्व भएको र खसीबोकाको वलि दिनैपर्ने सामाजिक तथा धार्मिक मान्याताका कारण यसको व्यापार वृद्धि भएको हो। बझाङको साइपालबाट चार सय खसीबोका ल्याएका व्यापारी मानबहादुर पार्कीले झण्डै एक करोडको व्यापार भएको बताए। २५ प्रतिशत व्यापार उधारोमा गएको भएपनि दसैंमा खसीको व्यापार हालसम्मकै धेरै भएको उनको भनाइ छ।

सुदुरपश्चिमका लिपुलेख, दार्चुला, अपी हिमाल क्षेत्रबाट खसी ल्याएर दसैंमा बिक्री गरेको उनले बताए। यसैगरी, साढे तीन सय खसी बिक्री गरेका खसी व्यापारी पाल्दन सुनारले यो वर्ष दसैंमा हालसम्मकै धेरै व्यापार भएको बताए। २० हजारदेखि ३५ हजारसम्मका खसीहरु स्थानीयले दसैंका लागि किनेर वलि चढाउने कार्य भएको उनको भनाइ छ।

चीनले हिल्सा नाकाबाट च्याङ्ग्रा आयात गर्न नदिएका कारण स्थानीय खसीहरु बढी बिक्री भएको उनको भनाइ छ। ३४ हजारको खसी दसैंमा वलि चढाएका स्थानीय जयबहादुर शाहीले मुल्य बढेपछि खसीको व्यापार नघटेको बताए। यो वर्ष विगतभन्दा खसीको व्यापार कम हुने अपेक्षा गरिएको भएपनि झनै बढेको बताउदै दसैंको महत्व पनि खसीको व्यापारले झल्काएको उनले बताए।

हुम्ला जिल्लामा मात्र नभएर यस पटक हुम्लाका चार ट्रक खसीबोका पहिलो पटक व्यापारीले पोखरासमेत लगेका थिए। दसैंमा खसीको व्यापार वृद्धि भएको उद्योग वाणिज्य सङ्घले पनि जनाएको छ।

## भूल सुधार

**मिति २०८३/०६/३१ गते अंक ३१ वर्ष २६ को काँक्रेविहार राष्ट्रिय दैनिक पत्रिकामा पुर्तिमकाँडा खानेपानी सरसफाई तथा स्वास्थ्य सुधार उपभोक्ता समिति सिलबन्दी बोलपत्र प्रथम पटक प्रकाशित भएकोमा शर्त नम्बर ३ अन्तर्गत सामग्रीहरू ढुवानीका लागि सानीभेरी गाउँपालिका वडा नम्बर २ रुकुम पश्चिम पूर्तिमकाँडा खानेपानी सरसफाई तथा स्वास्थ्य सुधार उपभोक्ता समिति सानीभेरी गाउँपालिका २ रुकुम पश्चिम हुनुपर्नेमा भूल बस ने.रे.सो. कर्णाली प्रदेश कार्यालयमा भएकोले भुल सुधार सच्चाइएको छ।**







काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)